# कर्मचारी आवश्यकता

सहयोगी हातहरुको समूह (सहास) नेपाल एक गैर-सरकारी संस्था हो, जसको स्थापना सन् १९९६ मा भएको हो। स्थापना भएदेखि नै सहास नेपाल सामाजिक परिचालन, सामुदायिक-आधारित सञ्जाल संस्थाहरू (CBNO) को गठन तथा साझेदारी मार्फत ती संस्थाहरूको क्षमता अभिवृद्धिमा संलग्न रहँदै आएको छ। संस्था हाल देशका २१ वटा जिल्लाहरूमा दिगो कृषि तथा खाद्य सुरक्षाको प्रवर्द्धन, जलवायु परिवर्तन तथा शिक्षा क्षेत्रमा विविध कार्यक्रम र परियोजनाहरू कार्यान्वयन गर्दै आएको छ।

सहास नेपालले सोलुखुम्बु जिल्लामा "समावेशी र गुणस्तरीय शिक्षाका लागि समुदाय परिचालन" नामक शिक्षा परियोजना कार्यान्वयन गर्दैछ। उक्त परियोजनाको उद्देश्य सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिकाका र थुलुङ दुधकुण्ड गाउँपालिकाका सार्वजनिक विद्यालयहरूमा गुणस्तरीय र समावेशी शिक्षाको प्रवर्द्धन गर्नु हो। यस परियोजनाले सामुदायिक परिचालन, विद्यालय वातावरण सुधार, युवाको सशक्तिकरण, जीविकोपार्जन सहयोग  र क्षमता विकासका उपायहरू मार्फत शिक्षामा सुधार ल्याउने लक्ष्य राखेको छ।

यसै सन्दर्भमा शिक्षाको गुणस्तर अभिवृद्धिमा केन्द्रित परियोजना कार्यान्वयनका लागि ऊर्जाशील, प्रतिबद्ध र सिर्जनशील कर्मचारीहरू तल उल्लेखित पदहरूका आवश्यक परेको छ । निम्न पदहरू सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका र थुलुङ दुधकुण्ड गाउँपालिका परियोजनाको आवश्यकता अनुसार रहनेछन्।

**१. पद: परियोजना संयोजक (Project Coordinator)**

**आवश्यक संख्या: १ जना**

**शैक्षिक योग्यता / अनुभवहरू:**

- शिक्षा, सामाजिक विज्ञान वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण र शिक्षा क्षेत्रमा न्यूनतम ५ वर्ष काम गरेको अनुभव। स्नातकोत्तर तह पास गरी कम्तिमा २ वर्षको अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- परियोजना व्यवस्थापन गर्न सक्ने सिप , जटिल परियोजनाहरूको योजना, समन्वय र कार्यान्वयन गर्न सक्ने क्षमता भएको ।
- उत्कृष्ट सञ्चार क्षमता तथा  सबै तहका सरोकारवालासँग प्रभावकारी रूपमा संवाद गर्न सक्ने।
- सशक्त नेतृत्वको साथै टिम सदस्यहरूलाई उत्प्रेरित गर्ने र प्रेरणा दिने क्षमता भएको।
- नेपालको शिक्षा प्रणाली, नीतिहरू, शिक्षण सिद्धान्तहरू, पेडागोजिकल रणनीतिहरू र शिक्षण विधिहरूको ज्ञान भएकालाई प्राथमिकता।

- ग्रामिण समुदायमा कार्य गरेको अनुभव, विशेषतः सोलुखुम्बु वा सो सरह भौगोलिक परिवेशमा काम गरेको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

**मुख्य जिम्मेवारीहरू:**

- परियोजनाका उद्देश्य र विस्तृत कार्यान्वयन योजना अनुसार परियोजना कार्यान्वयनको नेतृत्व गर्ने।
- परियोजनाका कर्मचारीहरूलाई आवश्यकतानुसार प्रशिक्षण प्रदान गरी परियोजनाका परिणामहरू सुनिश्चित गर्ने।
- परियोजनाका गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न वार्षिक, त्रैमासिक र मासिक योजना तयार गर्ने।
- परियोजनाका गतिविधिहरूसँग सम्बद्ध सिकाइ कार्यक्रम र तालिम कार्यान्वयन गर्न प्राविधिक सेवा प्रदायकहरूसँग मिलेर काम गर्ने।
- परियोजनाको बजेट व्यवस्थापन गर्ने, खर्चहरू बजेट सीमाभित्र राख्ने, तथा साझेदार संस्थाको आवश्यकता अनुसार बजेट रिपोर्ट तयार गर्ने।
- स्थानीय सरकार, नगरपालिका, जिल्ला र प्रदेश तहका शिक्षा इकाईहरू, विद्यालयहरू, शिक्षकहरू तथा अन्य सरोकारवालासँग बलियो समन्वय गर्ने।
- परियोजनाको प्रगति अनुगमन गर्ने, मुख्य गतिविधिहरू अभिलेख राख्ने, चुनौती र उत्कृष्ट अभ्यासहरू प्रतिवेदन गर्ने।
- कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न तथा सुधारका क्षेत्रहरू पहिचान गर्न फिल्ड भ्रमण गर्ने।
- समुदाय, नगरपालिका, जिल्ला तहमा प्रतिनिधित्व गर्ने तथा परियोजना साझेदारहरू, विकास साझेदारहरू र सरोकारवालासँग प्रभावकारी सञ्चार, समन्वय र सहकार्य सुनिश्चित गर्ने।
- कार्यक्रमको दिगोपन सुनिश्चित गर्न समुदायको संलग्नता प्रवर्द्धन गर्ने।
- विद्यालयमा गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि परियोजनाद्वारा सञ्चालित कार्यहरूमा स्रोत साझेदारी गर्न स्थानीय सरकारसँग बलियो नेटवर्किङ गर्ने।

**२. पद: अनुगमन तथा मूल्यांकन अधिकृत (Monitoring and Evaluation Officer)**

**आवश्यक संख्या: १ जना**

**शैक्षिक योग्यता / अनुभव:**

- शिक्षा, विकास अध्ययन, सामाजिक विज्ञान वा सम्बन्धित विषयमा स्नातक डिग्री प्राप्त गरेको, तथा शिक्षा क्षेत्र वा विकास परियोजनामा कम्तिमा २ वर्षको अनुभव भएको।
- डेटा संकलन तथा विश्लेषणका उपकरणहरू (जस्तै: Kobo Toolbox, Excel, SPSS) प्रयोग गर्ने अनुभव भएको।
- नेपालको शिक्षा प्रणाली र नीतिको राम्रो बुझाई ।

**मुख्य जिम्मेवारीहरू:**

- परियोजनाको कार्यसम्पादन र प्रभाव अनुगमन गर्न **MEAL योजना (Monitoring, Evaluation, Accountability and Learning Plan)** तयार पार्ने र कार्यान्वयन गर्ने।

- परियोजनाको डाटाबेस तयार गर्ने र गतिविधि, प्राप्त नतिजा (outputs), उपलब्धि(outcomes) तथा प्रभाव (impact) मा आधारित प्रगतिको अनुगमन गर्ने।
- डेटा संकलनका लागि उपकरणहरू (जस्तै: आधाररेखा, मध्यरेखा र अन्तिम मूल्यांकनका लागि सर्वेक्षण फारम) डिजाइन गर्ने, प्रतिक्रिया प्रणाली तयार गर्ने र रिपोर्टहरू उत्पादन गर्ने।
- विद्यालय तथा समुदायस्तरका गतिविधिहरूको अनुगमन गर्न नियमित फिल्ड भ्रमण गर्ने।
- समयमा डेटा संकलन, विश्लेषण र प्रतिवेदन सुनिश्चित गर्ने।
- परियोजनाको सफलता मापन गर्नका लागि मुख्य कार्यसम्पादन सूचकांक (KPIs) विकासमा सहयोग गर्ने।
- सिकाई, साझेदारी र भविष्यका कार्यक्रमहरूका लागि परियोजनाबाट प्राप्त सिकाई र उत्कृष्ट अभ्यासहरू केस स्टडी, तस्बिर र भिडियो दस्तावेजीकरणको माध्यमबाट संकलन गर्ने।
- दातृ निकायको आवश्यकता अनुसार समयमै प्रतिवेदन तयार गर्ने।
- परियोजना टिमका लागि आवश्यकताअनुसार अनुगमन र मूल्यांकन उपकरण तथा विधिबारे क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- परियोजनाको प्रभाव, उपलब्धि र नतिजा स्तरका सूचकाङ्कहरू प्रतिवेदन र अनुगमनमा समावेश गरिएको सुनिश्चित गर्न परियोजना टिमसँग नजिकबाट सहकार्य गर्ने।

**३. पद: परियोजना अधिकृत (Project Officer)**

**आवश्यक संख्या: १ जना**

**शैक्षिक योग्यता / अनुभव:**

- शिक्षा, विकास अध्ययन, सामाजिक विज्ञान वा सम्बन्धित विषयमा स्नातक तहको डिग्री प्राप्त गरेको, र शिक्षा क्षेत्र वा विकास परियोजनामा कम्तिमा २ वर्षको अनुभव भएको।
- सहजकारी, प्रशिक्षण र क्षमता अभिवृद्धिमा दक्षता भएको।
- सामुदायिक विकास, सशक्तिकरण, नेटवर्किङ, पैरवी र वकालतमा राम्रो ज्ञान र कार्यकुशलता भएको।
- राम्रो सञ्चार, विश्लेषणात्मक क्षमता र प्रतिवेदन लेख्ने सीप भएको।
- ग्रामिण क्षेत्र, विशेषतः सोलुखुम्बु वा सो सरह भौगोलिक परिवेशमा काम गरेको अनुभव भएको ।
- नेपालको शिक्षा प्रणाली र नीतिको राम्रो बुझाई भएको ।

**मुख्य जिम्मेवारीहरू:**

- विस्तृत कार्यान्वयन योजना अनुसार परियोजना कार्यान्वयनमा परियोजना संयोजकलाई सहयोग गर्ने।
- शिक्षक तालिम, विद्यार्थी भर्ना अभियान कार्यक्रम र क्षमता विकास सम्बन्धी पहलहरूमा सहयोग गर्ने।
- समुदायस्तरमा बैठक र कार्यशालाहरूको आयोजना र सहजीकरण गर्ने।
- स्थानीय सरकार, विद्यालय, समुदाय र अन्य सरोकारवालासँग सम्बन्ध तथा समन्वय कायम राख्ने।
- शैक्षिक गतिविधिका लागि सामग्री तयार गर्ने क्रममा प्राविधिक सुझावहरू दिने।

- मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन, सफलताको कथा र केस स्टोरी तयार गरी परियोजना संयोजकलाई बुझाउने।
- नियमित फिल्ड भ्रमण गरी कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने, चुनौतीहरू पहिचान गरी सुधारका सिफारिसहरू प्रदान गर्ने।

**४. पद: सामाजिक परिचालक (Social Mobilisers)**

**आवश्यक संख्या: १० जना**

**शैक्षिक योग्यता / अनुभव:**

- न्यूनतम १२ कक्षा पास, शिक्षा, सामाजिक कार्य, विकास अध्ययनमा स्नातक डिग्री प्राप्त गरेकोलाई प्राथमिकता दिने ।
- समुदाय परिचालन, शिक्षा वा विकास परियोजनामा कम्तिमा १ वर्षको अनुभव भएको।
- ग्रामिण क्षेत्र, विशेषतः सोलुखुम्बु वा यस्तै भौगोलिक परिवेशमा काम गरेको अनुभव भएको।
- उत्कृष्ट सहजीकरण, तालिम सञ्चालन र क्षमता अभिवृद्धि गर्ने सीप भएको।
- राम्रो समन्वय, नेटवर्किङ र सञ्चार क्षमता भएको।
- प्रभावकारी टिम वर्क गर्ने क्षमता भएको।
- आधारभूत कम्प्युटर ज्ञानसहित प्रतिवेदन लेख्ने सीप भएको।

**मुख्य जिम्मेवारीहरू:**

- अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, युवा तथा स्थानीय नेताहरूसँग मिलेर समुदायमा शिक्षा र जीविकोपार्जन प्रवर्द्धन गर्ने।
- समूह निर्माण र सशक्तिकरणमा सहजीकरण गर्ने।
- शिक्षा प्रवर्द्धनमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने।
- विद्यालय भर्ना, विद्यार्थीको निरन्तरता तथा शिक्षाको गुणस्तरमा देखिएका चुनौतीहरूको समाधानमा स्थानीय सरोकारवालालाई सहयोग गर्ने।
- परियोजना टिम, विद्यालय र समुदायबीच सञ्चारको सहजकर्ता हुने।
- परियोजनाको प्रगति मूल्यांकन र लाभग्राहीहरूबाट प्रतिक्रिया संकलन गर्न नियमित फिल्ड भ्रमण गर्ने।
- अनुगमन तथा मूल्याङ्कनका लागि डाटा संकलनमा सहयोग गर्ने।
- परियोजना कार्यन्वयनमा आएका चुनौती र सुझावहरू टिमलाई बुझाउने।
- परियोजना अधिकृत र अनुगमन तथा मूल्याङ्कन अधिकृतसँग मिलेर परियोजना लक्ष्य हासिल गर्न काम गर्ने।

**५. पद: प्रशासन तथा वित्त अधिकृत (Admin and Finance Officer)**

**आवश्यक संख्या: १ जना**

**शैक्षिक योग्यता / अनुभव:**

- बीबीएस वा बीबीए (खाता विषयमा) तथा कम्तिमा २ वर्षको वित्त र प्रशासन सम्बन्धी कामको अनुभव भएको।
- एक्सेल, एमएस-वर्ड, पावर पोइन्ट तथा लेखा सफ्टवेयरमा दक्षता भएको।
- टीम वर्कमा प्रतिबद्धता र प्रभावकारी सञ्चार सीप भएको।
- कामको चापमा पनि सहज रूपमा काम गर्न सक्ने क्षमता भएको।

**प्रमुख जिम्मेवारीहरू:**

- दैनिक वित्तीय अभिलेख र व्यवस्थापन प्रणाली स्थापना र कायम गर्ने।
- सरकार, दातृ संस्था तथा संस्थाका वित्तीय नीतिसँग मेल खाने गरी आवश्यक कागजातसहित स्पष्ट वित्तीय विवरण तयार गर्ने।
- खरीद प्रक्रियासम्बन्धी कार्यहरू व्यवस्थापन गर्ने।
- परियोजनाका गतिविधिहरूको वित्तीय प्रतिवेदन, विश्लेषण, अनुगमन र फलोअप गर्ने।
- दैनिक प्रशासन र लजिस्टिक कार्यहरूको व्यवस्थापन गर्ने।
- परियोजनाको खातासम्बन्धी काम सम्हाल्ने।
- परियोजना कार्यान्वयनको लागि बजेट तयार गर्ने र योजना बनाउने।
- परियोजनाका सम्पत्ति तथा स्टकको सुरक्षा सुनिश्चित गर्ने, तथा कर्मचारीको व्यक्तिगत फाइल, कर, सामाजिक सुरक्षा कोष तथा अन्य तलबसम्बन्धी अभिलेख राख्ने।

**तलब र सुविधा:** सहास नेपालको नियमानुसार प्रदान गरिनेछ।

**आवेदन प्रक्रिया:**
इच्छुक नेपाली नागरिकहरूले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र कभर लेटर, साथै ठेगाना, फोन नम्बर र २ जना सन्दर्भ व्यक्तिको नाम सहित **२०८२ बैशाख ११ गते (April 24, 2025)** भित्र **sahasnepalvacancy@gmail.com** मा कार्यकारी निर्देशकलाई सम्बोधन गरी पठाउनु हुन अनुरोध छ।

फोनमार्फत सोधपुछ गर्न पाइने छैन। केवल छोटोसूचीमा परेका उम्मेदवारहरू मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ।

सहास नेपालले कुनै पनि वा सबै आवेदनहरू अस्वीकार गर्ने अधिकार सुरक्षित राख्दछ।

**सहास नेपालले कार्यबलमा विविधता प्रवर्द्धन गर्छ र विभेदमा परेका समूहका उम्मेदवारहरूलाई प्राथमिकता दिन्छ। आदिवासी र सीमान्तकृत समुदायका सदस्यहरूको आवेदनलाई प्रोत्साहन दिइन्छ।**